
# हानी र क्षती





Asia Pacific Forum on Women, Law and Development




Asia Pacific Forum on Women, Law and Development

# अनुकुलन र न्यूनीकरण

## अनुकुलन र न्यूनीकरण भनेको के हो?




अनुकूलनले प्रभावीत समुदायहरुलाई जलवायु संकटबाट समायोजन गर्न मद्दत गर्दछ, र यस्ता प्रभावहरुसँग सम्बन्धित जोखिमहरु कम गर्दछ ।

न्यूनीकरणको उद्देश्य वायुमण्डलमा हरितगृह ग्यासहरुको उत्सर्जनको स्तर घटाउनु र/वा स्थिर गर्ने हो ।

## सवाल र चुनौतीहरु




अनुकुलन र न्यूनीकरणलाई समान प्राथमिकतामा राख्नुपर्छ । अधिकांश जलवायु वित्त न्यूनीकरणका लागि जान्छ ।

२०७१/२०७२-२०७५/२०७६मा जलवायु वित्तको ८% मात्र अनुकुलनतर्फ गएको पाइन्छ ।

यसैबीच न्यूनीकरण रकम प्राय: व्यवसायबाट- संचालित झूटा समाधानहरु जस्तै नवीकरणीय 'पूनर्नविकरणीय' 'स्वच्छ' र 'स्मार्ट' तथा 'कम कार्बन' उर्जा परियोजनाहरुका लागि प्रयोग हुन्छ ।

Asia Pacific Forum on Women, Law and Development




Asia Pacific Forum on Women, Law and Development

# गलत समाधानहरु

## गलत समाधानहरु भनेको के हो?




### बजार-केन्द्रित जलवायु कार्यहरुले

जलवायु संकट समाधान गर्ने वाचा त गर्छन् तर त्यस्ता कार्यहरु मुख्यतया नाफा कमाउनेगरि डिजाइन गरिएको हुन्छ ।

## वर्तमान परिप्रेक्ष्यमा गलत समाधानहरु भनेको के हो?



### कार्बन व्यापार र “नेट शून्य”

यदि धनी देशहरुले कम उत्सर्जन उत्पादन गर्न कार्बन क्रेडिट तिर्छन वा उनीहरुले विश्वव्यापी दक्षिणमा उत्सर्जन घटाउने परियोजनाहरुका लागि कोष दिन्छन् भने उत्सर्जन व्यापार योजनाहरुले धनी देशहरुलाई पृथ्वी प्रदूषण जारी राख्न अनुमति दिइन्छ ।


### ‘हरियो’ र ‘नवीकरणीय’ ऊर्जा

कोइलाबाट सञ्चालीत पावर प्लान्टहरुको विकल्पको रुपमा ऊर्जा परियोजनाहरु पुन: प्याकेज गरेतापनि यस्ता परियोजनाहरु मानिसहरु र वातावरणको लागि समान रुपमा विनाशकारी हुने गर्दछन् ।

बिशाल बाँधहरु



आणविक उर्जा संयन्त्रहरु



जैविक डिजल वृक्षारोपन






### प्रकृतिमा आधारित समाधानहरु

कार्बन अफसेट गर्न ‘हरितीकरण’ परियोजनाहरुको परिणामले समुदायहरुको विस्थापन, जमिन र समुन्द्र कब्जा र जमिनलाई एक बमली प्रणालीमा रुपान्तरण गर्छ ।

### REDD+ (वन विनास र वन क्षयबाट उत्सर्जन घटाउने)

जङ्गल संरक्षण को नाममा वनमा बस्ने समुदाय, आदविासी जनजातरि परम्परागत खेती गर्ने समुदायलाई वस्थिापति गर्छ




### जियो-इन्जिनियरिङ्ग र अन्य उच्च प्राविधिक योजनाहरुले

अत्याधिक महँगो, अप्रमाणित प्रविधि र जलवायु संकटको जडलाई सम्बोधन गर्दैन ।










### जलवायु स्मार्ट कृषि

कर्पोरेट स्वामित्वको आनुवंशिक रुपमा परिमार्जित जिवबाट उत्पादित बीउहरु, अन्यकृषि उत्पादनहरु र प्रविधिहरु बजार गर्ने कर्पोरेटाइज्ड कृषि प्रणालीले परम्परागत कृषि ज्ञान र अभ्यासहरु नष्ट गर्दछ ।

Asia Pacific Forum on Women, Law and Development




Asia Pacific Forum on Women, Law and Development

# जलवायु वित्त

## जलवायु वित्त भनेको के हो?



**जलवायु वित्त**

भनेको जलवायु संकटका लागि उत्तरी विश्वले आफ्नो ऐतिहासिक र वर्तमानको दायित्वलाई तीर्नु हो ।

## सवाल र चुनौतीहरु




धनी देशहरुले जलवायु संकटसँग जुध्न प्रति वर्ष १ खरब डलरको मूल्य तिर्ने आफ्नो राजनीतिक प्रतिबद्धतालाई पूरा गर्न असफल भइरहेका छन् । यद्यपी १.५ डिग्री सेल्सियस लक्ष्यलाई जीवित राख्न २०७७/२०७८-२०८६/२०८७ सम्ममा मात्र वार्षिक रुपमा कम्तिमा ४.५-५ नील डलरको आवश्यकता पर्दछ ।[1]

बंगलादेशका ग्रामीण परिवारहरुले मात्र जलवायु संकटलाई सम्बोधन गर्न कम्तिमा २ अरब डलर प्रति वर्ष (७९ डलर प्रति घरपरिवार) खर्च गर्दछन् ।[2]






जलवायु वित्त सामान्यतया ऋणको रुपमा आउँछ । यसले गरिब देशहरुलाई ऋणको बन्धनमा धकेल्छ किनभने यस्ता देशहरु पहिले देखि नै ऐतिहासिक तहको ऋणहरुबाट पीडित छन् ।

जलवायु वित्त प्राय: वित्तीय संस्थाहरु र निजी बिचौलियाहरुको हातमा पुग्छ जसले विश्वव्यापी उत्तरका निगम तथा ठूला परियोजनाहरुले झुटा समाधानहरुका लागि वित्तिय सहयोग गर्दछन् ।




[1] विवरण GLOBAL LANDSCAPE OF CLIMATE FINANCE 2021 बाट साभार

[2] विवरण IIED REPORT बाट साभार

Asia Pacific Forum on Women, Law and Development




Asia Pacific Forum on Women, Law and Development